NIC ASIA
एन आई सी एशिया बैंक लि.
बैंक पनि साथी पनि राम्रो पनि हाम्रो पनि

ISO 9001 Certified Bank

## प्रेस विज्ञप्ति

पौष १, २०८०

# युएईबाट नेपालमा सजिलै रकम पठाउन सकिने गरी एन आई सी एशिया बैंक र Al Ansari Exchange बीच रणनीतिक साझेदारी

रोजगारको शिलशिलामा संयुक्त अरब इमिरेट्स (युएई) मा रहँदै आउनुभएका नेपाली महानुभावहरुले नेपालमा सजिलै रकम पठाउन सक्ने गरी एन आई सी एशिया बैंक र Al Ansari Exchange बीच उक्त रणनीतिक साझेदारी सम्पन्न भएको छ । समझदारी अनुसार युएईमा आक्रामक बजार विस्तार गरिरहेको उक्त कम्पनीका २५० भन्दा बढी शाखा कार्यालयहरु तथा डिजिटल च्यानल (वेबसाइट तथा मोबाइल एप) बाट नेपालमा रकम पठाउन सहज हुने दुबै साझेदारको विश्वास रहेको छ । साझेदारी कार्यान्वयनमा आए पश्चात् अब Al Ansari Exchange बाट यस बैंकका साथै नेपालका जुनसुकै बैंकका खाता तथा वालेटमा तुरुन्त रकम पठाउन सकिनेछ । भौतिक रुपमा युएईभर तथा वेबसाइट तथा मोबाइल एपबाट डिजिटल रुपमा दरिलो उपस्थिति रहेको उक्त Al Ansari Exchange कम्पनीबाट पठाइएको रकम यस बैंकका ३६० शाखा कार्यालय, १११ विस्तारित काउन्टर, ५५ वटा शाखा रहित बैंकिङ्ग इकाई र १६ हजार भन्दा बढी रेमिटेन्स एजेन्टहरूमार्फत सहजै भुक्तानी लिन सकिनेछ । साथै, यस बैंकको मोबाइल बैंकिङ्ग एप (NIC ASIA MoBank) भित्र रहेको Remittance आइकनमा ट्याप गरेर Receive Remit भित्र आफुलाई प्राप्त रकम र Unique PIN विवरण राखेपश्चात् रकम खातामा स्थानान्तरण गरी रेमिटेन्स रकम सहजै बुझ्न सकिने व्यवस्था समेत रहेको छ ।

एन आई सी एशिया बैंक मुलुकमा सबैभन्दा धेरै बैंकिङ्ग सञ्जालहरू भएको बैंकहरू मध्येको बैंक हो । यस बैंकले मुलुकभर ३६० शाखा कार्यालयहरू, ६५६ एटिएम, १११ वटा विस्तारित काउन्टर एवं ५५ वटा शाखा रहित शाखा सञ्जाल विस्तार गरेको छ । देशको कुल जनसंख्यामध्ये २० वर्षदेखि ५० वर्ष उमेर समूहसम्मको आर्थिक रूपमा सक्रिय जनसंख्याको करिब २५ प्रतिशत जनतालाई सेवा दिन यस बैंक सफल भएको छ । देशको अर्थतन्त्रको सवलीकरण तथा उच्च आर्थिक वृद्धिमा टेवा पुर्‍याउन उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै स्थापनाकालदेखि हालसम्ममा प्रत्यक्ष र अप्रत्यक्ष गरी कुल रू. २३ अर्ब ५८ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरेको र गत आर्थिक वर्षमा रू.३ अर्ब ६६ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई बुझाउन बैंक सफल भएको छ । वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ, रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरूमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ । देशको कुल जनसंख्याको ८०% भन्दा बढी बसोबास गर्ने ग्रामीण तथा साना सहरी क्षेत्रमा बैंकले आफ्ना ७२% शाखा कार्यालयहरू स्थापना गरेको छ ।

सुधिर नाथ पाण्डे
नायब प्रमुख कार्यकारी अधिकृत (प्रमुख सूचना अधिकारी)

NIC ASIA
REGISTERED OFFICE
KATHMANDU

**Press Release**
**17th December 2023**

# NIC ASIA Bank and UAE Based Al Ansari Exchange Join Hands for Strategic Partnership to Strengthen Inward Remittance to Nepal

NIC ASIA Bank and Al Ansari Exchange, a UAE-based remittance company, have joined hands to form a strategic partnership with a mission to simplify the process of inward flow of remittance to Nepal in a most secured and convenient way. Under this alliance, Nepali migrant workers in the UAE can effortlessly transfer funds to Nepal through Al Ansari Exchange's extensive network of over 250 physical branches and digital platforms—such as their website and mobile app. As per the terms of the collaboration, the money can be remitted to recipients' bank accounts, wallets, or received as cash anywhere in Nepal.

Recipients in Nepal can easily avail the remitted money through NIC ASIA Bank's 360 branches, 111 extension counters, 55 branchless banking units, and an extensive network of more than 16,000 remittance agents. Additionally, users of NIC ASIA Bank's mobile banking services can conveniently retrieve the remitted amount into their Bank account by using the NIC ASIA's MoBank App. For this, users need to insert the Unique PIN provided by their respective sender within the "Receive Remit" section, located inside the "Remittance" icon on the mobile app.

NIC ASIA Bank stands as one of the largest banking institutions of Nepal with an extensive network covering all major financial centers of the country. Currently, the Bank operates through 360 branch offices, 656 ATMs, 111 extension counters, and 55 branchless banking units. The Bank has successfully onboarded approximately 25% of the economically active population aged between 20 to 50 years into its ambit. Likewise, NIC ASIA Bank has been making instrumental contribution in bolstering the country's economic growth by paying over NPR 23.58 billion into government coffers through direct and indirect taxes since its establishment. In the last fiscal year alone, the Bank has paid over NPR 3.66 billion in taxes. NIC ASIA Bank has extended itself to the rural districts of Nepal such as Mugu, Kalikot, Bajhang, Rukum, Jumla, and Salyan, where the presence of other banks and financial institutions remains limited. Likewise, it has marked its presence in 34 local bodies where other banks and financial institutions are absent. The Bank operates its 72% branches in rural and semi-urban areas, where more than 80% of the country's population are residing.

NIC ASIA BANK LTD. REGISTERED OFFICE KATHMANDU

Sudhir Nath Pandey
Deputy Chief Executive Officer (Chief Information Officer)